**कालीकोट जिल्लाको १६ औं जिल्ला परिषदमा जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी श्री पुष्पराज शाहीज्यूबाट प्रस्तुत वजेट, नीति तथा कार्यक्रम**

प्रमुख अतिथि माननीय कर्णाली विकास आयोगका सदस्यज्यू,
विशेष अतिथि जिल्ला अदालतका माननीय जिल्ला न्यायधीशज्यू ,
विशेष अतिथि माननीय निवर्तमान संविधानसभाका सदस्यज्यू,
प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्लाका सवै राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु,
जिल्ला विकास समितिका पूर्व सभापति तथा उपसभापतिज्यूहरु ,
जिल्लास्थीत सवै कार्यालयका प्रमुखज्यूहरु,
जिविस महासंघका केन्द्रिय सदस्यज्यू,
गाविस राष्ट्रिय महासंघका जिल्ला अध्यक्षज्यू
दलितवर्ग उत्थान जिल्ला समन्वय समितिका उपाध्यक्षज्यू,
आदीवासी जनजाती उत्थान जिल्ला समन्वय समितिका उपाध्यक्षज्यू,
जिल्लामा कार्यरत दातृसंस्थाका प्रमुख तथा प्रतिनिधीज्यूहरु
जिल्लाका विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु
जिल्लामा कार्यरत गै.स.स. प्रमुख एवं प्रतिनिधिज्यूहरु,
विभिन्न संचार माध्यमका संचारकर्मी एवं पत्रकारज्यूहरु,
नागरीक समाजका प्रनिनिधिज्यूहरु,
गाविस सचिवज्यूहरु,
बिभिन्न क्षेत्रमा कार्यरत महिला, समाजसेवी, दलित, जनजाति, फरक क्षमता भएका महानुभावहरु, बालबालिका, शिक्षकवर्ग, बुद्धिजीवी, युवा, विद्यार्थी, कर्मचारी, सुरक्षाकर्मी, एवं यस गरिमामय जिल्ला परिषदमा उपस्थित सम्पूर्ण आदरणीय कालीकोटवासी दाजुभाई तथा दिदीवहिनीहरु,

कालीकोट जिल्लाको १६ औं जिल्ला परिषद्को यस शुभ अवसरमा सर्वप्रथम देश र जनताको हितका लागि आफ्नो अमूल्य जीवन आहूती दिनुहुने सम्पूर्ण ज्ञात, अज्ञात वीर शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शहिदका परिवारहरु प्रति हार्दिक समवेदना तथा सम्मान प्रकट गर्दछु । कालीकोट जिल्लाको १६ औं जिल्ला परिषद् २०६९ को समुदघाट्न समारोहमा जिल्ला विकास समितिको निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथि,

विशेष अतिथी तथा अतिथिज्यूहरुमा जिल्ला विकास समिति र मेरो आफ्नो तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

विकासको मेरुदण्ड भनेको लोकतन्त्रको संस्थागत विकास नै हो भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्दै विकेद्रिकरणको भावना र मर्म अनुरुप स्थानीय निकायलाई सवल र सक्षम बनाउन जिल्ला विकास समितिले आफ्नो तर्फबाट हरसम्भव प्रयास गरिरहेको व्यहोरा अनुरोध गर्दछु । वर्तमान देशको संक्रमणकालिन स्थितीमा स्थानीय शासन प्रकृयालाई सवलीकरण गर्दै समावेशी र अधिकारमा आधारित सहभागीमूलक प्रकृयाद्धारा सेवा प्रवाहमा प्रभावकारिता ल्याई गरीवी न्यूनिकरण गर्ने राष्ट्रिय लक्ष्य प्राप्तिमा योगदान पुर्‍याउने लक्ष्यका साथ अगाडी बढीरहेको अवगत गराउन चाहान्छु । हालको अवस्थामा कर्मचारीबाट जनप्रतिनिधिमूलक निकाय संचालनको लागि अथक प्रयास भईरहेको यथार्थता रहँदा रहँदै पनि स्थानीय निकायको कामको प्रकृती अनुसार कतिपय सेवाहरु जनप्रतिनिधिहरुबाटै प्रभावकारीरुपमा प्रवाह हुन सक्ने वास्तविकतालाई दृष्टिगत गर्दै स्थानीय निकायमा जनप्रतिनिधिज्यूहरुको यथाशिघ्र परिपूर्तिको लागि म यस गरिमामय परिषद मार्फत नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । राष्ट्रले संविधानसभा मार्फत नयां संविधान निर्माण गरी नयां नेपाल बनाउनको लागि अघि वढीरहेको वर्तमान संक्रमणकालीन अवस्थामा स्थायी सरकारको रुपमा रहेका हामी राष्ट्रसेवक कर्मचारीहरुले आफ्नो कर्तव्य र जिम्मेवारी पुरा गर्न अझ वढी समर्पित रहने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

कर्णाली अञ्चलको प्रवेशद्धारको रुपमा रहेको, विशिष्ट भौगोलिक र सांस्कृतिक सम्पदाको धनी, प्राकृतिक सौन्दर्यताले सिंगारिएको, वीर सपुतहरुको तपोभूमी कालीकोट धेरै सम्भावना ओगटेर पनि उपलब्ध स्रोतको न्यून उपयोग भएको जिल्लाको रुपमा परिचित भएको छ। यस जिल्लामा भएको जलस्रोतको पूर्णरुपमा उपयोग गर्न सक्दा कालीकोट जिल्लाको मात्र नभई देशकै आर्थिक विकासमा ठूलो फड्को मार्न सक्ने अवस्था छ । जिल्लाभित्र रहेका प्राकृतिक सम्पदालाई समुचित उपयोग गर्दै जिल्लाको समग्र विकास कसरी गर्न सकिन्छ भन्ने तर्फ यहाँहरुबाट दिशा निर्देश हुने नै छ भन्ने विश्वास लिएको छु । विकासका आयामहरुलाई यथार्थतामा बदल्न भौतिक विकासको साथ साथै मानवीय विकासलाई समेत सँगसँगै लैजानु पर्ने अपरिहार्यता रहेको छ । समय अनुकुल परिवर्तन र जिल्लाको आवश्यकतालाई समेत मध्यनजर गर्दै हामीले जिल्लाको विकासको लागि सडक यातायात, सिंचाई, खानेपानी तथा सरसफाई, विद्युतिकरण, संचार, शिक्षा, स्वास्थ्य, आय तथा रोजगारीका अवसरको श्रृजनामा

विशेष जोड दिने प्रयास गरेका छौं । विकासको बाधकको रुपमा रहेको सामाजिक अन्धविश्वास र कुरितीलाई हटाउन हामीले शिक्षा र चेतनाको विस्तार गर्नुपर्छ भन्ने मान्यता लिएकाछौं । जिल्लामा विद्यमान गरिबी, बेरोजगारी ,शिक्षा र स्वास्थ्य लगायत विविध समस्यालाई क्रमिक रुपमा समाधान गर्दै **"पूर्वाधार विकास, सामाजिक जागरण र आत्म निर्भरता, कालीकोटको विकासमा साझा समझदारीको प्रतिबद्धता"** को परिकल्पनालाई सान्दर्भिक बनाउन यहाँहरुले प्रदान गर्नुहुने मार्ग दर्शनमा जिल्ला विकास समिति सदा क्रियाशिल रहने व्यहोरा समेत निवेदन गर्न चाहन्छु ।

**उपस्थित श्रद्धेय महानुभावहरु,**

विगतमा हामीले जिल्लाको विकासका लागि गरेका विभिन्न प्रयासहरु सर्वविदितै भएको कुरा हो । विशेषगरी सडक यातायात, सिंचाई, खानेपानी तथा सरसफाई, विद्युतिकरण, संचार, शिक्षा, स्वास्थ्य, वन, कृषि, पशुसेवा र आय तथा रोजगारीको सृजना जस्ता थुप्रै क्षेत्रहरुमा प्रशस्त प्रयासहरु भएका छन् । लोकतन्त्र प्राप्ती पछि जनताका इच्छा र आकांक्षाहरु बढेका छन् । हामीले जनताका इच्छा र आकांक्षालाई प्रयाप्त मात्रामा सम्वोधन गर्न नसक्दा जनताको लोकतन्त्र प्रति नकारात्मक धारणा बन्न सक्ने खतरा छ । हाम्रा सामु विद्यमान त्यस्ता थुप्रै समस्याहरु र चुनौतिहरुका विचमा हामीले केही महत्वपूर्ण प्रयास र उपलव्धिहरु पनि हासिल गरेका छौ । अब म तिनै विकास कार्यक्रम कार्यान्वयन गर्दा अपनाइएका विभिन्न प्रयास र उपलव्धिहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- जिल्लाका सम्भावना र चुनौतिहरुलाई विश्लेषण र संश्लेषण गर्दै जिल्लाको समग्र एवं सन्तुलित विकासका लागि जिल्ला विकास समितिको नेतृत्वमा विषयगत कार्यालयहरु, गैह्र सरकारी निकायहरु र नीजि क्षेत्रहरुको समन्वय र सहकार्यमा सहभागितात्मक योजना तर्जुमाको अवधारणा अनुरुप विकासका कार्यहरुलाई संस्थागत र दिगो बनाउदै लगिएको छ ।
- जिल्लाका गाविसको ३ वर्ष अघि १० बटा र यस आ.व.मा १० वटा गरी जम्मा २० गाविसहरुको आवधिक योजना तयार भएका छन् । वाँकी १० गाविसहरुको आवधिक योजनालाई आगामी आ.व.मा अद्याबधिक गरिने लक्ष्य लिईएको छ । साथै आगामी आर्थिक वर्षमा जिल्ला विकास समितिको अगुवाई र दातृ संस्थाहरुको आर्थिक तथा प्राविधिक सहयोगमा यस जिल्लाको आवधिक योजना निर्माणको प्रस्ताव गरिएको छ । यसबाट

जिल्लामा व्यवस्थित योजना प्रणाली र एकिकृत तथा समन्वयात्मक योजना प्रणालीको विकास हुनेछ । यसबाट जिल्लामा उपलब्धहुने सिमीत श्रोत र साधनबाट अधिकतम प्रतिफल प्राप्त गरी विकासका प्रतिफल लक्षित तथा सिमान्तकृत समुदायसम्म पुर्‍याउन सहजहुने अपेक्षा गरिएको छ । यसवाट गा.वि.स.हरुले नेपाल सरकार, दातृ निकाय तथा विभिन्न गैर सरकारी संघ/संस्थाहरुले उपलब्ध गराउने बजेट र आफ्नै आन्तरिक आयबाट प्राप्त साधन र श्रोतलाई समेत आवधिक योजनाले निर्दिष्ट गरेका प्राथमिकिकरणका आधारमा श्रोतको विनियोजनगरी सिमीत साधन र श्रोतको प्रभावकारी उपयोगमार्फत विकासका पूर्वाधारहरुको निर्माण तथा विस्तार, शिक्षा र स्वास्थ्यको संख्यात्मक तथा गुणात्मक विकासमा बृद्धि, आय तथा रोजगारीका अवसरहरुको श्रृजना गरी गरिवी निवारणतर्फ ठोस प्रयासहरुको थालनी भएको छ ।

- जिल्लाको योजना प्रकृयालाई व्यवस्थित गर्न, जनतालाई प्रवाह गर्ने सेवा, सुविधालाई छिटो छरितो र गुणस्तरीय वनाउन र आवस्यक सूचनाहरुको उपलब्धतालाई सुनिश्चित गर्न जिल्लाको स्रोत नक्सा (Resource Map), जिल्ला गरिवी नक्शांकन तथा विश्लेशण पध्दती (District Poverty Mapping and Analysis System), जिल्ला विकास समिति र विषयगत कार्यालयहरुको नागरिक वडापत्रको पुनरावलोकन र गुनासो सुन्ने अधिकारीको व्यवस्था, जिल्ला पाश्चचित्र (District Profile) को अद्यावधिक  गर्न प्रस्ताव गरिएको छ ।
- यस जिल्लाको प्रथम प्राथमिकरणको रुपमा रहेका खुलालु–हुम्ला–हिल्सा सडक र मुम्राको पोतमारा विधुतगृहको मेसिन मर्मतको लागि जिल्ला विकास समितिको वोर्डबाट प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा डेलिगेसन गई उक्त सडक नेपाली सेनालाई दिन अन्तिम चरणमा पुगेको र विधुतगृह मर्मतको लागि अर्थ मन्त्रालयमा थप बजेट व्यवस्थाका लागि निर्णय हुने क्रममा रहेकोछ ।
- यस आ.व.मा जिल्ला सडक गुरुयोजना (DTMP) लाई अध्यावधिक गर्न डोलीडारले परामर्शदाता नियुक्त गरी यस जिल्लामा छलफल चलाउने क्रममा उक्त टिम आउन लागेको अवस्था छ । यसै वर्ष मान्म सदरमुकामको १ कि.मि.सडक कालोपत्रे गर्न सडक क्षेत्र विकास कार्यक्रम (RSDP) लाई जि.वि.स.बोर्ड बैठकबाट अनुरोध गरी पठाईएको छ ।
- झोलुङ्गे पूलतर्फ गत आ.व.मा प्रस्ताव भएका पुलहरु मध्ये ५ वटा सम्पन्न भई वाकी भात्तडिको १ वटा चैत्र सम्म निर्माणा सम्पन्न हुने अवस्थामा रहेका र ३ वटा झो.पु.हरु

क्रमागत अवस्थामा छन । ७ वटा झो.पु.हरु मर्मतको क्रममा रहेकाछन । त्यसैगरी आगामी आ.व.का लागी समेत ७ वटा थप झोलुङ्गेपुलहरुको निर्माण गर्ने प्रस्ताव गरिएकोछ ।

- पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजनाको तेश्रो चरण अन्तर्गत ४ वर्षका लागि गरिवी निवारणको लक्ष्य लिएर कार्यक्रमहरु हुँदैछ । यस बर्ष १५ गा.वि.स.र जिल्लास्तरका कर्मचारीहरुको छनौट कार्य सम्पन्न भएको र सामुदायिक लगानी योजना निर्माण गर्ने जस्ता कामहरु मुख्य रहेका छन् । उक्त योजनाको मार्गदर्शनमा रहेर बाँकि ३ वर्षमा समुदायको जीवनस्तर सुधारमा सम्पूर्ण श्रोत र साधन लक्षित हुनेछ ।
- गरिव संग विषेश्वर कार्यक्रम अन्तर्गत कार्यक्रम लागु भएका मान्म र वदालकोट गाविसहरुमा हालसम्म १४ वटा सामूदायीक संस्थाहरुको गठन भै नियमित रुपमा वचत तथा विउपुजिका कार्यक्रमहरु सन्चालन भएका छन ।
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम यस जिल्लाको ३० वटै गाविसमा संचालित छ । वडा नागरिक मंच मार्फत नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मंत्रालयको सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई व्यवस्थीत गर्न सामाजिक परिचालन मार्फत जिल्लामा २७० वटा वडा नागरीक मंच गठन गरिएका छन भने ३० वटै गाविसमा नागरीक सचेतना केन्द्र गठन भएका छन । क्षमता अभिबृद्धि अर्न्तगत ३ वर्षे दोश्रो जिल्ला क्षमता विकास योजनाको निर्माण भई कार्यान्वयनमा ल्याईएको छ ।
- लघु उद्यम विकास कार्यक्रम (MEDEP) अन्तर्गत यस आ.व.मा ११० जना उद्यमीहरुको श्रृजना र १७६ जनाको स्तरोन्नती भएकोमा आगामी आ.व.मा क्रमशः ३०० जनाको नयाँ श्रृजना र कम्तिमा २०० पूराना उद्यमीको स्तरोन्नती गर्ने कार्यक्रम रहेको छ । साथै भौगालिक विकटता, बजारीकरणको समस्या, तालिम दिने दक्ष जनशक्ति अभाव, दातृ निकायको बजेट उपलब्धता सुनिश्चित नहुने र सबै वस्तीस्तरलाई समेट्न नसकिनु जस्ता मुख्य समस्याका रुपमा छन् ।
- विगत वर्ष झै यस वर्ष पनि पशु सेवा कार्यालय अन्तर्गत विभिन्न पशुपंक्षीहरुको उपचार गरी विभिन्न रोगहरुको रोकथाम भै पशुपंक्षीहरुको मृत्युदरमा कमी आइ पशुधनहरुको सुरक्षा हुनुका साथै दुध,फूल र मासुको उत्पादनमा वृद्धि भएकोछ। नस्ल सुधार कार्यक्रमलाई सुदृढिकरण गर्न उन्नत जातका पशुपक्षीहरु वितरण गरी उत्पादकत्वमा वृद्धि भै किसान तथा उद्यमीहरुको आयस्तरमा वृद्धि भएकोछ । पशुपालन व्यवसायकालागी सहजरुपमा

घांसको उपलब्धता गराउन विभिन्न जातका घांसका विउहरु समेत वितरण गरिएकाछन ।

- कबुलियती वन कार्यक्रम अन्तर्गत विगत झैं यसवर्ष पनि गतबर्षका कार्यक्रमहरुलाई निरन्तरता दिने लक्ष्य लिईएकोछ ।
- यस जिल्लाका खनिज सम्पदा र गैरकाष्ठ वन पैदावरवाट पैठारी हुने वस्तुहरुलाई नेपाल सरकारले जारी गरेको कर अनुरुप जिल्ला विकास समितिले पहिलेको करको दरमा केही बृध्दि गरिएकोछ र राजश्व तथा शुल्कका थप संभावनाहरुको पहिचान गर्न कार्यदलवाट अध्ययन तथा अनुसन्धान गर्ने यसवर्षको मुख्य कार्यक्रम रहेकोछ ।
- महिला तथा वालबालिका कार्यालयबाट स्थानीय विपन्न महिलाहरुलाई विभिन्न आयआर्जन तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु मार्फत शसक्त वनाउने प्रयास गरिएकोछ भने विद्यालय विमुख किशोरीहरुको समुह समेत गठन गरि उनीहरुलाई विभिन्न सीप विकास तालिमहरु समेत प्रदान गरिएकोछ । आगामी आ.व.मा हिंसा पिडित वालवालिका र महिलाको लागी आश्रय केन्द्रको स्थापना गर्ने लगायत जिल्लामा महिला तथा वालवालिका सम्वन्धि कार्यक्रहरुलाई अझै प्रभावकारी रुपमा अगाडि वढाईनेछ ।
- जिल्लाको समग्र शिक्षाको अवस्थालाई परिमार्जन र गुणात्मक शुधार ल्याउन जिल्ला शिक्षा कार्यालय मार्फत जिल्ला शिक्षा योजना यसै परिषदमा पेश गरिएको छ । यस वर्षपनि प्रारम्भिक वाल विकास शिक्षा कार्यक्रम, अनौपचारिक शिक्षा कार्यक्रम लगायत औपचारिक शिक्षा अन्तर्गत विद्यालयसम्मको पहुचवाट वन्चित वालवालिकाहरुका लागी विद्यालयमा भर्ना गराउन विद्यालय भर्ना अभियान, वालमैत्री शिक्षण सिकाईका लागि शिक्षकहरुको क्षमता अभवृद्धि, वालमैत्री शिक्षण सिकाईका लागि वसाई ब्यवस्थापन तथा स्वागत कार्यक्रमहरु समेत सम्पन्न गरिएका छन । त्यसैगरी शिक्षकहरुको क्षमता अभिवृद्धि गरी गुणस्तरिय शिक्षामा सवैको पंहुच वृद्धि गर्न शिक्षकको पेशागत विकास तालिम कार्यक्रमहरु समेत सम्पन्न गरिएका छन् । जिल्ला भरका स्वीकृत प्राप्त प्रा.वि., नि.मा.वि.,मा.वि.र उ.मा.वि.तहका विद्यालयहरुको भौतिक विकासका लागी आवश्यकता अनुसार व्लक निर्माण, लैंगीकमैत्री शौचालयको निर्माण, विद्यालय पुनर्स्थापना र शैक्षिक सामाग्री वितरण जस्ता कार्यक्रमहरु सन्चालन गरिएकाछन । त्यसैगरि परीक्षाको प्रणालीगत शुधार ल्याउने कार्ययोजनाको कार्यान्वयनबाट जिल्लाको शैक्षिक गुणस्तर सुधार गर्न मद्दत पुग्ने आशा

गरिएकोछ । कालिकोटमा साक्षरता सम्वन्धी सहस्राब्दिका लक्ष्य हासिलगर्न अनौपचारिक शिक्षाको अवधारणा पत्र जिल्ला शिक्षा कार्यालयले सार्वजनिक गरेको छ ।

- यस कालीकोट जिल्लामा खानेपानीको पहुँच ७४ प्रतिशत जनसंख्यामा रहेको र आगामी आ.व. २०७०/०७१ सम्ममा थप ५ प्रतिशत जनसंख्यामा खानेपानी सुविधा पुर्‍याउने लक्ष्य लिईएको छ । त्यसैगरी पूर्णरुपमा संचालनहुन नसकेका खानेपानी आयोजनाहरुको अध्ययनगरी सुधारकार्यलाई प्रभावकारी बनाईनेछ भने, निर्माण कार्य सम्पन्न भएका तथा निर्माणाधिन खा.पा.आयोजनाहरुको ब्यवस्थापकीय पक्ष सुधारगरी बैधानीक दर्ताप्रकृयालाई बढावा दिईने छ ।

- यस जिल्लाको ६ वर्षे सरसफाई रणनैतिक कार्ययोजना अनुसार हालसम्ममा यस जिल्लाको सरसफाईको अवश्था ९४ प्रतिशत पुगेको छ । हालसम्म यस जिल्लाका २३ वटा गा.वि.स.लाई खुल्ला दिशामुक्तक्षेत्र घोषणा गरि सकिएकोमा यस चालु आ.व.२०७० वैशाख १५ सम्म थप ७ वटा गा.वि.स.हरु खुल्लादिशामुक्त क्षेत्र घोषणा भई जिल्ला लाईनै खुल्ला दिशामुक्त घोषण गर्ने लक्ष्य लिईएको छ । यसरी खुल्लादिशामुक्त क्षेत्र घोषणा गर्ने गा.वि.स.हरुलाई पुरस्कार तथा प्रोत्साहनको ब्यवस्था गरिनुका साथै खुल्लादिशामुक्त क्षेत्र घोषणा भैसकेका गा.वि.स.हरुमा सरसफाईको दिगोपनाको लागि पूर्ण सरसफाईका कार्यक्रमहरु संचालन गर्ने र अनुगमन कार्यलाई प्रभावकारी बनाउँदै लगिनेछ । जिल्लालाई खुल्ला दिशामुक्त घोषणा गरिसकेपछि पूर्णसरसफाईका कार्यक्रमहरुलाई संचालनमा ल्याउन जिरो पोईन्ट, प्रतिमा चोक, खुल्लामञ्चमा सावर्जनिक शौचालय निर्माण गरिने लक्ष्य लिईएको छ । यस आ.व.मा जिल्लाको कुमालगाउँ गा.वि.स.धुवाँ रहित गा.वि.स.घोषणा गरिएको र आगामि आ.व.मा अन्य गा.वि.स.हरुलाई समेत धवाँ रहित बनाउनको लागि प्रोत्साहन गरिने छ ।

- जिल्लाका विभिन्न गाविसहरुमा कृषि प्राविधिकहरुको संलग्नतामा अभियानको रुपमा जिल्लामा वहुविषयक प्राविधिक शिक्षालय स्थापना गर्ने, सिचाई पोखरी तथा सिचाई कुलो निर्माण आयोजनालाई जोड दिई कृषि उत्पादन र नगदे वालीमा जोड दिईने छ ।

- कृषि क्षेत्रमा सरकारी तथा गैर सरकारी निकायहरुको प्रयासबाट भएका प्राविधिक सेवा र सुविधामा रहेको अपर्याप्ततालाई स्थानीय स्तरमा नै पूर्ति गर्न मागमा आधारित सेवा प्रणालीलाई थप प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईने छ ।

- गरिवी निवारण कोष अन्तर्गत यस जिल्लाका ३० वटै गाविसहरुमा स्थानीय साझेदार संस्थाहरु मार्फत समुदायको मागमा आधारित कार्यक्रम संचालन गरिराखेको छ। कोषको कार्यक्रमवाट विषेश गरी महिला, दलित, जनजाती एवं विपन्न समुदायको क्षमता अभिवृद्धि हुनुको साथै जीवनस्तरमा उल्लेखनीय परिवर्तन आएको छ।
- नेपाल सरकारबाट जारी भएको बालमैत्री स्थानीय शासन रणनैतिक खाका तथा कार्यान्वयन कार्यविधि -२०६८ को उद्देश्य अनुरुप यस जिल्लामा प्रभावकारी कार्यान्वयन, प्रभावहरुको नियमित अनुगमन र मूल्याँकन गर्ने प्रकृयाको थालनी गरिएको छ । गा.वि.स.तथा जि.वि.स.बाट बालबालिकाहरुको विकासको लागि विनियोजन हुने रकमको सदुपयोगमा सहजता ल्याउने उद्देश्यले बालबालिका लक्षित रकम परिचालन निर्देशिका २०६९ तथा बालबालिकाहरुको विकासको लागि स्थापना भएको कोष परिचालनको लागि कोष परिचालन निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याईने छ। यस अन्तर्गत जिल्लाका १५ वटा गाविसहरुमा बालमैत्री स्थानीय शासन अवधारणाको बारेमा अनुशिक्षण तथा ८ वटा गा.वि.स.को बालबालिकाहरुको प्रोफाईल तयार गर्ने कार्य सम्पन्न भएको छ भने आगामी आ.व.सम्ममा ३० वटै गा.वि.स.को बालबालिका प्रोफाईल तयार गरी जिल्ला प्रोफाईल तयार गर्ने लक्ष्य लिईएको छ। आगामी आ.व.मा यस जिल्लाका ३० वटै गा.वि.स.मा सम्वन्धित गा.वि.स.हरुको अगुवाई र विभिन्न सहयोगी निकाय तथा संघ/संस्थाहरुको सहयोगमा यस अवधारणालाई विस्तार गर्दै लगिने छ। यस आ.व.मा जिल्लामा अवरोध विश्लेषण गोष्ठि संचालन गरी विकासका अवरोधहरु पत्ता लगाउने कार्य भएको र गोष्ठिबाट प्राप्त सूचनाको आधारमा त्यस्ता अवरोधहरु हटाउनको लागि कार्यक्रमहरु संचालन गरिने छ।
- यस आ.व.मा सामाजिक सुरक्षा भत्ता वितरणमा ब्यापक जनगुनासो आएकोले यसको तथ्याँक तथा भुक्तानी प्रणालीलाई ब्यवस्थित गर्न जिल्लामा सामाजिक सुरक्षा अधिकृत नियुक्त गरिएको छ । वितरण तथा भुक्तानी प्रकृयालाई ब्यवस्थित गर्न गा.वि.स.सचिवहरुलाई आवश्यक निर्देशन दिईने छ। त्यसपछि पनि सुधारको संकेत नदेखिएमा महिला, दलित, अपाङ्ग लगायतका समन्वय समितिको उपाध्यक्षको अध्यक्षतामा छानविन समिति गठन गरी आवश्यक कारवाही अगाडि बढाईने छ।
- गा.वि.स.अनुदान कोष रकमको १५ प्रतिशत रकम कृषि क्षेत्रमा विनियोजन गर्ने ब्यवस्थालाई प्रभावकारी ढँगले कार्यान्वयन गर्न निरन्तरता दिईने छ।

- कर्णाली रोजगार कार्यक्रम अन्तर्गत प्राप्त हुने अनुदान रकमबाट रु. २० लाख भन्दा बढिका आयोजनाहरु छनौट गरी एक घर एक रोजगारको ब्यवस्थालाई अनिवार्य रुपमा अवलम्वन हुने वातावरण निर्माण गरिनेछ ।
- विकेन्द्रित ग्रामिण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रम (DRILP-AF) परियोजना अन्तर्गत परामर्शदाता छनौटको अन्तिम चरणमा पुगेको छ । यस अन्तर्गत छनौट भएका दुईवटै सडक मार्गहरु (सान्नीगाड–स्वयभुनाथस्यूना–मुम्रा–स्युना–फुकोट–नानीकोट सम्म सडक निर्माण र सेरी-हुल्म-भर्ता-सुकाटीया-हाउडी-दहचौर-कालिका-गेला हुदै पादमघाट सडक निर्माण) स्वीकृत भई सो को स्थलगत सर्वे (Walk over survey) गर्ने कार्य समेत सम्पन्न भैसकेको छ ।
- उर्जा क्षेत्र सहयोग कार्यक्रम/सुन्दर नेपाल, गरिबी निवारण कोष र स्थानीय गै.स.स.हरुको सहयोगमा माल्लागाड, भर्तागाड, छहरेगाड, राँचुलीगाड, बन्चुगाड, बदालकोटगाड, गोदी खोला, बालीगाड, ओखरगाड, औला खोला, घट्टेगाड जलविद्युत आयोजनाहरु सञ्चालित अवस्थामा छन्, उक्त आयोजनाहरुलाई आगामी आ.व. भित्र सम्पन्न गर्ने लक्ष्य सम्वन्धित निकायहरुले राखेका छन् ।
- उत्सव खोला र हाउडी खोला जलविद्युत आयोजनाहरु संचालनका लागि दुर्गम क्षेत्र विकास समितिमा अनुरोध भए अनुसार योजनाहरु स्वीकृत भई निर्माणधिन आवस्थामा छन् ।
- चालु आ.ब. २०६८/६९ मा जिल्ला उर्जा तथा वातावरण शाखा मार्फत रुप्सा ३२ किवा, थिर्पु ११ किवा, राम्नाकोट ७० किवा र गेलामा ७० किवा क्षमताका जम्मा ४ वटा निर्माणाधिन लघु जलविधुत आयोजनाहरु आगामी आ.व.भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।
- जिविस अन्तर्गत रहने गरी विभिन्न कोषहरुको स्थापना भएको र यी कोषहरु संचालनको लागि कोष परिचालन निर्देशिकाहरु तयार गरी लागु गरिने छ ।

**उपस्थित सहभागी महानुभावहरु,**

अब म आर्थिक वर्ष २०६९/७० मा स्वीकृत भएका जिल्ला विकास योजनामा उल्लेखित विकास कार्यक्रमहरुको संक्षिप्त विवरण जानकारीका लागि सर्वप्रथम जिल्ला विकास समिति र यस मातहतका विभिन्न आयोजना र कार्यक्रमहरुको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

हाल जिल्ला विकास समिति कालीकोट अन्तर्गत जिल्ला विकास अनुदान, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम **(LGCDP)**, गाउँ विकास समिति अनुदान, ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम, झोलुङ्गे पुल तथा स्थानीय स्तरका सडक/पुलहरु, विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार परियोजना **(DRILP-AF)**, पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना **(WUPAP)**, कर्णाली रोजगार कार्यक्रम, दुर्गम क्षेत्र विकास कार्यक्रम **(RADC)**, ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम **(RCIW)**, बालमैत्री स्थानीय शासन **(CFLG)** अवधारणा, गरिवी निवारण कोष **(PAF)**, ग्रामीण जिविकोपार्जनको लागि नविकरणीय उर्जा विकास कार्यक्रम **(RERL)** र लघुउद्यम विकास कार्यक्रम **(MEDEP)** जस्ता १३ वटा आयोजना तथा कार्यक्रमहरु संचालित रहेका छन् भने **RAP** कार्यक्रम पनि यसै आ.व. देखि कालीकोट जिल्लामा लागु हुने कुरा जानकारी गराउदछु ।

**उपस्थित महानुभावहरु,**

अव म १६ औं जिल्ला परिषद, २०६९ को तयारीको लागि जिल्ला विकास समितिले अवलम्वन गरेका नीतिगत प्रक्रियाबारे जानकारी गराउने अनुमति चाहन्छु । आगामी आ.व. २०७०/७१ को जिल्ला विकास योजना तर्जुमा गर्दा गरीव, बिपन्न र विकासको मूल प्रवाहमा पछाडि परेका जनताको भावना समेट्न सकियोस् भन्ने उद्देश्यवाट वस्ती स्तरबाटै सहभागितात्मक योजना तर्जुमा प्रक्रियालाई अवलम्वन गरिएको छ । गाउँ परिषद् सम्पन्न भएपछि सबै ईलाकामा जिल्लाका राजनीतिक दलको नेतृत्वमा ईलाका स्तरीय योजना तर्जुमा गोष्ठी संचालन गरी त्यहाँबाट प्राथमिकता निर्धारण भै आएका योजनाहरुलाई बिषयगत समितिमा प्रयाप्त मात्रामा छलफल र प्राथमिकता तोकेर एकीकृत योजना तर्जुमा समितिका अन्तरसम्वन्धित विषय (Cross Cutting Issues) मा समेत छलफल भै यसमा थप परिमार्जन गरी स्वीकृत भए अनुसार जिविस बोर्डबाट पारित गरी यस जिल्ला परिषदमा आईपुग्दा जिल्ला विकास योजना निर्माणको लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा ऐ. नियमावली, २०५६ मा भएको व्यवस्था पूर्णरुपले पालना गरेका गरिएको छ । यो जिल्ला विकास योजना मार्फत आ.व.०७०।७१ को लागि निम्न नीति अवलम्वन गरिने भएको छ ।

- यस जिल्लाको आगामी आ.व.को वार्षिक जिल्ला विकास योजना /कार्यक्रम तर्जुमा गर्दा चालु त्रिवर्षिय योजनामा उल्लेखित रणनिति, कार्यनिति र प्राथमिकता अनुसार हुने गरि तर्जुमा गरिनेछ ।

- जिल्लाको वार्षिक कार्यक्रम तयार गर्दा राष्ट्रिय प्राथमिकताको अनुशरण गरी गरिवी निवारणमा सहयोग पुऱ्याउने रोजगारमुलक, छोटो समयमा सम्पन्न भै वढि प्रतिफल दिने, कम लगानीवाट वढि जनसंख्यालाई लाभ पुऱ्याउने तथा जनसहभागिता प्राप्त गर्न सकिने आयोजना तथा कार्यक्रमहरुलाई वढि प्राथमिकता दिईनेछ ।
- वैदेशिक सहयोग प्राप्त आयोजनाहरुको हकमा नेपाल सरकारको वैदेशिक सहायता नीति तथा दातृ निकायसंग भएको सम्झौता अनुरुप हुनेगरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।
- जिल्लाको शडक क्षेत्रमा वजेट विनियोजन गर्दा नयां ट्र्याक खोल्ने सडकहरुको कार्य गर्दा श्रममुलक तथा वातावरण मैत्रि प्रविधिको प्रयोगमा जोड दिईनेछ । निर्माण भएका सडकहहरुको स्तरोन्नतिमा समेत जोड दिइनेछ ।
- सुशासन, जनताको समिपमा सेवा सुविधा, दिगो गुणस्तरिय र वातावरणमैत्री स्थानीय पूर्वाधार विकास, आर्थिक अवसरमा वृद्धि र त्यसमा जनताको सहज पहुंच तथा सामाजिक सशक्तीकरणलाई विकास प्रयासका प्राथमिकता क्षेत्रका रुपमा लिई वार्षिक कार्यक्रम तर्जुमा गरिनेछ भने ती कार्यक्रमहरु जिल्लाको गरिवी निवारणमा केन्द्रित गरिनेछ ।
- महिला, वालवालिका, अपाङ्ग, आदिवासी जनजातीसंग सम्वन्धित सन्धी सम्झौतामा उल्लेख भएका विषयमा राष्ट्रिय दायित्व पुरा गर्न सहयोग पुग्ने खालका कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गरिनेछ ।
- जलवायु परिवर्तन अनुकुल खानेपानी तथा सरसफाई अन्तर्गत खुला दिशामुक्त क्षेत्र घोषणा, वालमैत्री स्थानीय शासन अवधारणाको प्रवर्द्धन, पोषण सुधार, लैगिंक मैत्री वजेट विनियोजन, विपद व्यवस्थापन, सहश्राव्दी विकास लक्ष्य अनुसार वहुपक्षिय जिम्मेवारिका विषयलाई अगुवाई गर्दै तत् सम्वन्धी कृयाकलापहरु सन्चालन गरिनेछ ।
- १२ औं अन्तरिम योजनाको प्रमुख पक्षहरु पुर्ननिर्माण, पुर्नस्थापना र मेलमिलापको नीतिलाई अलम्वन गरिएको छ । अधुरा र क्रमागत योजनालाई प्राथमिकता दिने नीति लिईएको छ ।
- सर्वसुलभ शिक्षा, स्वास्थ्य र रोजगारी भन्ने मान्यतालाई आत्मसाथ गर्ने तर्फ जोड दिईनेछ ।
- जिल्लाको श्रोतले मात्र पुरा गर्न नसकिने आयोजनालाई केन्द्रीय स्तरबाट सम्पन्न गराउन विशेष प्रयत्न गर्ने नीति लिईनेछ ।
- जिल्लाको कला, संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्दै पर्यटन विकास गर्न पर्यटन पूर्वाधारको विकास गरिने नीति लिईनेछ ।

- बार्षिक रुपमा बढ्दै गएको वेरुजुलाई घटाउन ठोस नीति लिईने छ। पे.फ. नगर्नेको नामावली विभिन्न संचार माध्यमबाट सार्वजनिक गरी असुल उपर गर्ने प्रयास गरिने छ।
- जिविसको आन्तरिक आय बृद्धिको लागि कर योग्य वस्तुहरुलाई करको दायरामा ल्याउने कार्यलाई सशक्त पार्दै जिविसको राजस्व प्रक्षेपन सम्वन्धमा अध्ययन गरी आन्तरिक आय वृद्धि गर्ने नीति लिईनेछ।
- उपभोक्ता समितिले काम सम्पन्न भई सकेपछि स्थानीय सरोकारवालाहरुको उपस्थितिमा अनिवार्यरुपमा जन लेखापरीक्षण गराउनु पर्नेछ। जन लेखापरीक्षणको वास्तविक प्रतिवेदन पेश नहुँदा सम्म अन्तिम भुक्तानी तथा पे.फ. नगर्ने नीति लिईनेछ।
- ३ लाख भन्दा बढीको योजना निर्माण गर्दा सूचना वा होर्डिङ्ग बोर्ड अनिवार्यरुपमा राख्नुपर्ने व्यवस्था गरिनेछ।
- जुनसुकै सरकारी वा गैरसरकारी निकायले जिल्लाभित्र कार्यक्रम संचालन गर्दा जिविस र सम्बन्धित स्थानीय गाविसलाई सूचना दिनुपर्ने व्यवस्था अनिवार्य गरिनेछ।
- जिल्लामा कार्यरत सबै सरकारी तथा गैरसरकारी निकायबीच नियमित रुपमा चौमासिक तथा वार्षिक समीक्षा बैठकको आयोजना गरिनेछ।
- जिल्लामा भित्रिने साधन स्रोतको समुचित सदुपयोग गराउन जिल्लाका राजनैतिक पदाधिकारी, कर्मचारी, नागरिक समाज बीच नियमित बैठक अन्तरक्रिया गरी समन्वय र सम्बन्धको विकास तथा विस्तार गर्ने नीति लिईने छ।
- अनुगमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउने नीति लिईने छ।
- यातायात शिर्षक अन्तर्गत जिल्ला विकास समितिले जिल्ला सडक गुरुयोजना (DTMP) लाई अधावधिक गरी सो अन्तर्गतका सडक निर्माण सुधार तर्फ ध्यान दिने र गोरेटो तथा घोडेटो जस्ता बाटो निर्माणका लागि गाविसलाई नै पूर्ण जिम्मेवारी दिने नीति लिईने छ।
- जिल्लाको सूचना तथा अभिलेख केन्द्रलाई व्यवस्थित गरी सोही केन्द्रबाट आधिकारिक सूचना संप्रेषण गर्ने नीति लिईने छ।
- गैर सरकारी संस्था, सामुदायिक संघ/संस्था एवं उपभोक्ताहरुको समूह तथा निजी क्षेत्रलाई स्थानीय पूर्वाधार विकासमा साझेदार निकायका रुपमा संलग्न गराईने नीति लिईने छ।
- स्थानीय श्रोत साधनको उपलव्धता, जनताको चाहाना र वजारको मागमा आधारित लघु उद्यमहरुको सृजना र विकास गरी स्वरोजगारी तथा आयआर्जनका क्रियाकलापहरु सघन रुपमा अगाडि वढाईनेछ।

- स्थानीय स्तरमा उत्पादन हुने उपभोग्य र प्रयोगिय सामग्रीहरुको उपयोगमा जोड दिईने छ साथै आयात प्रतिस्थापन गर्ने नीति लिईने छ ।
- जिल्लाको समग्र विकासको खाका कोर्न आवधिक जिल्ला विकास योजना तर्जुमा गर्ने कार्यलाई यस जिल्लामा कार्यरत विकास साझेदारहरुको सहयोगमा आगामी आ.व.मा प्राथमिकताका साथ निर्माण गर्ने व्यवश्था मिलाइनेछ ।
- खानेपानी तथा सरसफाई तर्फ विगतका योजनाहरुलाई मर्मत गरी संचालन योग्य बनाउनका लागि प्राप्त श्रोतको २० % मर्मत संभार तर्फ बिनियोजन गर्ने नीतिलाई निरन्तरता दिईएको छ ।
- जिल्लामा तरकारी, फलफुल र पशुपालन सम्वन्धि नमुना पकेट छनौट गरी सबै सरकारी तथा गैर सरकारी कार्यालय संघ संस्थाहरुले एकिकृत तथा समन्वयात्मक रुपमा कार्यक्रम संचालन गर्ने नीति लिईएको छ ।
- यस जिल्लामा प्रयाप्त वन क्षेत्र भएका गाविसका वन जंगललाई संरक्षण गर्ने अभियान संचालन गर्ने र वन क्षेत्र अभाव भएका गाविसहरुमा वृक्षारोपण गर्ने कार्यक्रम विस्तार गर्ने नीति लिईएको छ ।
- महिला हिंसा र दुर्व्यावहारलाई न्यूनीकरण गर्न बहुबिवाह, बालविवाह छाउपडी, बोक्सी प्रथा आदिको प्रभाव र असरवारे चेतनामूलक तालीमहरु संचालन गरी महिला सशक्तिकरण गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- जिल्लाको खस्कदो शैक्षिक गुणस्तरलाई अझ खस्कन नदिइ सबै बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि गुणस्तरीय शिक्षा रणनीति कार्ययोजना र शिक्षा क्षेत्रको गुरुयोजना तयार गरी प्रभावकारी रुपमा लागु गर्ने प्रकृयाको आरम्भ गरिने छ ।
- दलित, महिला, आदिवासी जनजाती, विपन्न वर्ग एवं वेरोजगार यूवाहरुलाई प्रत्यक्ष लाभ पुग्ने खालका वातावरण मैत्री शिपमुलक, उद्यमसिलता विकास एवं रोजगारमुलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाईनेछ ।
- यस जिल्लाको खाद्य संकटलाई न्यून गर्न सम्भाव्य खाद्यान्न उत्पादन र अन्य सम्भाव्य आयआर्जन प्रवर्धन कार्यक्रमहरु सन्चालन गरिनेछ । यसक्षेत्रमा काम गर्ने संघ संस्थाहरुको विचमा समन्वयको व्यवस्था मिलाई, प्रभावकारि कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा विशेष जोड दिईनेछ ।
- जिल्लामा आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धनका लागी परम्परागत कृषि प्रणालीलाई निरुत्साहित गर्दै आधुनिक तथा उच्च मूल्यका वस्तुहरुको उत्पादन, प्रशोधन तथा विक्रि

वितरण कार्यलाई प्रोत्साहित गरी साना कृषकलाई समूह तथा सहकारीमा आवद्ध गराई अगाडि वढाईनेछ । जिल्ला स्तरमा सहकारी संस्थाहरुको गठन र क्षमता अभिवृद्धिका कार्यक्रमहरुमा जोड दिइनेछ ।

- जिल्लामा उपलव्ध श्रोत, शाधन एवं जडिवुटिहरुवाट वढि भन्दा वढि प्रतिफल प्राप्त गर्नका लागि जिल्ला स्तरमै प्रशोधन गरि मूल्य अभिवृद्धि गर्न जिल्ला स्तरमै जडिवुटि प्रशोधन केन्द्र स्थापनाका लागी आवश्यक पहल गरिनेछ ।

**उपस्थित अतिथि महानुभावहरु,**

स्थानीय स्वायत्त शासन ऐन २०५५ र ऐ. नियमावली २०५६ मा व्यवस्थामा भए अनुरुप जिल्ला विकास समिति अन्तरगतका ५ वटै विषयगत समितिहरु (पूर्वाधार तथा संरचना, आर्थिक विकास, सामाजिक समिति, प्राकृतिक स्रोत व्यवस्थापन, सुशासन तथा क्षमता विकास) को विश्लेषनात्मक रुपमा अध्ययन गरी कार्यालयगत कार्यक्रम र क्षेत्रगत कार्यक्रमलाई परिष्कृत गरी स्पष्ट रुपमा कार्यालयको बजेट र विषय क्षेत्रको बजेट थाहा हुने किसिमले बजेट विनियोजन गरिएको छ । सिमित श्रोत साधनबाट जनताका असिमित माग र बढ्दो आकांक्षालाई एकै पटक सम्बोधन गर्न नसकिने यथार्थमा जिल्लालाई प्राप्त बजेट सिलिङ्ग र न्यूनतम रुपमा रहेको जिल्लाको आन्तरिक श्रोतको दायरालाई मूल्यांकन गरी बजेट तर्जुमा गररिएकोछ ।

जिल्लामा प्राप्त हुने सवै निकायको कुल वजेट विश्लेषण गर्दा सरकारी, गैर सरकारी तथा आन्तरिक श्रोत र राजश्व वाट प्राप्त हुने आय वजेट मध्ये राजश्व तर्फ रु. ८ लाख ३ सय ४० रुपैया, आन्तरिक आय तर्फ ११ लाख ६ सय ४० रुपैया र नेपाल सरकार तथा वाह्य श्रोतवाट प्राप्त अनुदान रु. १ अर्व ५४ करोड ५३ लाख ८८ हजार गरी जम्मा रु. १ अर्ब ५४ करोड ७२ लाख ९८ हजारको वजेट चालु आ.व. ०६९/७० को लागि स्वीकृत वजेट पेश गरिएको छ । जसमा चालु खर्च तर्फ रु. ६२ करोड ९७ लाख ५ हजार (कुल खर्चको ४०.७० %) र पुजिगत खर्च तर्फ रु. ९१ करोड ७५ लाख ९३ हजार (कुल खर्चको ५९.३० %) रहेको छ ।

विषयगत समिति तर्फ पूर्वाधार तथा संरचना विकास समितिमा रु. ६२ करोड ८८ लाख ७० हजार ( कुल खर्चको ४०.६४ %), आर्थिक विकास समितिमा रु. ४ करोड १६ लाख ९५ हजार ( कुल खर्चको २.६९ %), प्राकृतिक श्रोत ब्यवस्थापन समिति तर्फ रु. ५०

लाख ९ हजार ( कुल खर्चको ०.३२ %) र सामाजिक समिति तर्फ रु. ८७ करोड १७ लाख २३ हजार ( कुल खर्चको ५६.३४ %) वजेट विनियोजन भएको छ ।

यसै अनुरुप आगामी आ.व. ०७०/७१ को लागि यस जिल्लामा प्राप्त हुने सरकारी, गैर सरकारी तथा आन्तरिक श्रोत र राजश्ववाट प्राप्त हुने आय वजेट मध्ये राजश्व तर्फ रु. ९ लाख, आन्तरिक आय तर्फ १२ लाख र नेपाल सरकार तथा वाह्य श्रोतवाट प्राप्त अनुदान रु. १ अर्व ८२ करोड ११ लाख ७४ हजार गरी जम्मा रु. १ अर्ब ८२ करोड ३२ लाख ७४ हजारको वजेट प्रस्तावित अनुमान पेश गरिएको छ । जसमा चालु खर्च तर्फ रु. ६८ करोड ६९ लाख ९५ हजार (कुल खर्चको ३७.६८ %) र पुजिगत खर्च तर्फ रु. १ अर्व १३ करोड ६२ लाख ७९ हजार (कुल खर्चको ६२.३२ %) रहेको छ ।

उल्लेखित आगामी आ.व. ०७०/७१ को प्रस्तावित वजेटलाई विषयगत समितिमा विनियोजन गर्दा पूर्वाधार तथा संरचना विकास समितिमा रु. ७० करोड २५ लाख ११ हजार ( कुल खर्चको ३८.५३ %), आर्थिक विकास समितिमा रु. २८ करोड ९८ लाख ९७ हजार ( कुल खर्चको १५.९० %), प्राकृतिक श्रोत व्यवस्थापन समिति तर्फ रु. २ करोड १९ लाख ७० हजार ( कुल खर्चको १.२०%), सामाजिक समिति तर्फ रु. ८० करोड ८८ लाख ९५ हजार ( कुल खर्चको ४४.३७ %) अनुमानित वजेट विनियोजन गरेको छु ।

**आदरणीय अतिथि महानुभावहरु,**

अव म जिल्ला विकास समिति तर्फको आय ब्यय अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु । जिल्ला विकास समिति तर्फ चालु आ.व. २०६९/७० को लागि आन्तरिक श्रोत र राजश्व वाट प्राप्त हुने आय वजेट मध्ये ८ लाख ३ सय ४० रुपैया, आन्तरिक आय तर्फ ११ लाख ६ सय ४० रुपैया र नेपाल सरकार तथा वाह्य श्रोतको अनुदान रु. ४२ करोड २९ लाख ७३ हजार गरी जम्मा रु. ४६ करोड ४८ लाख ८३ हजार ५२ रुपैया आय अनुमान गरेकोमा चालु तर्फ रु. १५ करोड ६५ लाख ५८ हजार र पुजिगत वजेट तर्फ ३० करोड ८३ लाख २५ हजार ५२ रुपैया वजेट विनियोजन भएको छ ।

यसै प्रकार आगामी आ.व. ०७०/७१ को लागि आन्तरिक श्रोत र राजश्व वाट प्राप्त हुने आय रु. ९ लाख, आन्तरिक आय तर्फ १२ लाख र नेपाल सरकार तथा वाह्य श्रोतको अनुदान रु. ५३ करोड २९ हजार रुपैया गरी जम्मा रु. ५३ करोड २३ लाख ९२ हजार रुपैया

वजेट आय अनुमान गरेकोमा चालु तर्फ रु. ६ करोड ६४ लाख ४९ हजार रुपैया र विकास तर्फ ४६ करोड ५९ लाख ४२ हजार रुपैया वजेट प्रस्ताव गरिएको छ ।

**उपस्थित अतिथि महानुभावहरु,**

सीमित श्रोत साधनले असीमित माग र बढ्दो आकांक्षालाई एकै पटक सम्बोधन गर्न नसकिने भएकाले जिल्लालाई प्राप्त बजेट सिलिङ्ग र न्यूनतमरुपमा रहेको जिल्लाको आन्तरिक श्रोतको दायरामा रही प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

जिल्ला परिषदको मिति नजिकिदै गर्दा १७ गाविसका संयोजक विमल शाहीले सम्वोधन हुनुपर्ने विकास सम्वन्धी मागहरु, १३ गाविसका संयोजक जयकृष्ण अधिकारी तथा चिल्खाया गाविसका संघर्ष समितिका तर्फवाट पेश भएका मागहरुलाई जिल्ला विकास समितिले गम्भिरतापुर्वक लिई ताकेताकासाथ सम्वन्धित निकायमा माग गरी ध्यान आकर्षण गर्ने कार्यलाई महत्वपूर्ण प्राथमिकताकोरुपमा पनि राखिएको छ ।

प्रस्तुत बजेटमा क्रमागत योजनालाई समयमै सम्पन्न गर्न प्राथमिकताकासाथ बजेटको व्यवस्था गरिएको छ । विगत द्वन्दका वेलामा क्षतिग्रस्त भएका गाविस भवन, स्वास्थ्य चौकी,पुल, विद्यालय भवन जस्ता सार्वजनिक भवनहरुको पून: निर्माणमा आवश्यक वजेटको व्यवस्था गरेको छ । सार्वजनिक सेवालाई छिटो, छरितो र सुलभ बनाउनका लागि विभिन्न प्रयासहरु थालनी भएका छन् । जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न ३ वर्षे जिल्ला क्षमता विकास योजना तयार गरिएको छ । समाजमा पिछडिएर रहेका महिला, दलित, जनजाति, अपांग, वृद्ध, बालबालिका आदिको भौतिक विकास, क्षमता अभिवृद्धिका लागि निर्देशिकाले तोक बमोजिम रकम विनियोजन तथा प्रस्तावित गरिएको छ । जिल्ला विकास समिति मातहतमा संचालित विभिन्न दातृ निकायका कार्यक्रम तथा आयोजनाहरु जस्तै, WUPAP, RERL MEDEP, DRILP, CFLG/DACAW, LILI, SSMP, LINK,RAIDP,DRSP आदि लाई आवश्यक पर्ने समपुरक कोषको व्यवस्था गरिएको छ । जिल्ला विकास समितिमा स्थापना भएका विशेष कोषहरुका लागि पनि आवश्यक रकम विनियोजित गरिएको छ । जिल्लामा रहेका कला, संस्कृति तथा प्रवर्द्धननत्मक क्रियाकलापका लागि पनि केहि वजेटको व्यवस्था मिलाईएको छ । यूवाहरुको शारिरिक तथा मानशिक क्षमता विकासको लागी विगत देखि सहयोग गदै आएको सर्वविदितै छ र यस वर्ष पनि निरन्तरता दिईएको छ । जिल्लाको

पर्यटन प्रवर्द्धन लागी पनि केहि वजेटको व्यवस्था मिलाईएको छ। जिल्लाको उपलव्ध सिमित श्रोत साधनले धान्न नसक्ने योजनाहरु कार्यान्वयनमा ल्याउन प्राथमिकताक्रम निर्धारण गरी राष्ट्रिय योजना आयोग र सम्वन्धित मन्त्रालय, विभाग तथा डिभिजन कार्यालय तथा समितिहरुमाहरुमा माग गर्न प्रस्ताव गरेको गरिएको छ ।

**आदरणीय महानुभावहरु,**

१६ औं जिल्ला परिषद्को समुद्घाटन गरी जिल्लाको विकासमा उत्प्रेरित गर्नुहुने प्रमुख अतिथिज्यूलाई म जिल्ला विकास समितिको तर्फबाट पुनः विशेष आभार व्यक्त गर्न चाहान्छु। यसैगरी आफ्नो अमूल्य समय प्रदानगरी समारोहमा उपस्थित भै कार्यक्रमको गरिमा बढाई दिनु भएकोमा संविधान सभाका माननीय निवर्तमान सभासदज्यूहरुमा पनि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु।

१६ औं जिल्ला परिषदको यस घडिमा आइपुग्दासम्मको विभिन्न चरणहरुमा जिल्ला विकास योजना तर्जुमा गर्न महत्वपूर्ण सहयोग गर्नुहुने जिल्लाका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु प्रति पनि म विशेष आभार प्रकट गर्दै यहांहरुलाई धन्यवाद दिन चाहन्छु।

जिल्लाको भौतिक, सामाजिक तथा आर्थिक विकासमा महत्वपूर्ण सहयोग पुर्‍याउनु हुने दातृ निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्रसरकारी संस्थाहरु प्रति पनि आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु। जिल्लाको विकासमा खासगरी संयूक्त राष्ट संघीय कार्यक्रम (UNDP), लघु उद्यम विकास कार्यक्रम (MEDEP), ग्रामीण उर्जा विकास कार्यक्रम (REDP), कृषि विकासका लागि अन्तर्राष्टिय कोष (IFAD) पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना (WUPAP), संयूक्त राष्ट संघीय बाल कोष (UNICEF), बालबालिका तथा महिलाका लागि विकेन्द्रित कार्य **(DACAW)** कार्यक्रम, निदरल्याण्ड विकास नियोग (SNV), स्वीस सरकारको सहयोग Helvetas-Nepal, यूरोपियन यूनियन (EU), विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रम (DRILP-AF), स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP), गरिवी निवारण कोष (PAF), विश्व खाद्य कार्यक्रमा (WFP) जस्ता

कार्यक्रमहरु मार्फत दातृ निकायहरुले यस जिल्लामा पुऱ्याएको योगदानका लागि म हार्दिक धन्यवाद दिँदै कार्यक्रम निरन्तरताका लागि समस्त जिल्लावासीका तर्फबाट अनुरोध गर्दछु ।

**अन्तमा,**

कालीकोट जिल्लाको यस १६ औं जिल्ला परिषद तयारीको लागि सहयोग र अमूल्य सुझाव दिनुहुने कर्णाली विकास आयोगका सदस्यज्यू, यस जिल्लाका निवर्तमान माननिय सभासदज्यूहरु, जिल्ला स्तरका विभिन्न राजनैतिक दलका पदाधिकारीज्यूहरु, विषयगत कार्यालयका कार्यालय प्रमुखज्यूहरु, गैर सरकारी संस्थाका प्रमुखज्यूहरु, गा.वि.स. सचिवज्यूहरु , कर्मचारी मित्रहरु, बुद्धिजिवी तथा समाजसेवी लगायत सम्पूर्ण महानुभावहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । प्रस्तुत कार्यक्रम अनुमोदन र कार्यान्वयनका लागि यहाँहरुको निरन्तर सहयोगको अपेक्षा सहित पुनः सबैमा हार्दिक आभार प्रकट गर्दै यो प्रस्तुतिको विट मार्दछु ।

**धन्यवाद**

पुष्पराज शाही
स्थानीय विकास अधिकारी
२०६९ फाल्गुन २८